# नेपाल पत्रकार महासंघ

केन्द्रीय समिति
Central Committee
सञ्चारग्राम, काठमाडौं
Federation of Nepali Journalists

मिति २०७६/४/१५

प्रेस विज्ञप्ती

शुक्लागण्डकी नगरपालिका तनहुँकी उपप्रमुखद्वारा पत्रकार सम्मेलन मार्फत पत्रकारमाथि गरेको दुर्व्यवहारको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

२०७६ साउन १० गते उपप्रमुख सविता रसाइलीले नगरपालिकाको सभाकक्षमा ढुंगा गिटिका बारेमा पत्रकार सम्मेलन गर्ने भन्दै पत्रकारमाथि अभद्र तरिकाले उत्रिनुका साथै पत्रकारलाई लाञ्छना लगाउदै दुर्व्यवहार गरेकी छिन् ।

त्सैगरि, हाम्रो सवाल डटकमका सम्पादक अमृत बास्तोलालाई उक्त अनलाइनमा प्रकाशित समाचारको विषयलाई लिएर प्राथमिक स्वास्थ्य केन्द्र, संक्रान्ति तेह्रथुममा कार्यरत डाक्टर सन्तोष प्रसाद साहले साउन ३ गते फोन मार्फत उक्त समाचार हटाउन दवाव दिदै धम्की दिएका थिए ।

समाचार प्रकाशन भएको विषयमा असहमती भए उजुरी गर्ने निकाय हुदाँ हुदै पत्रकारमाथि दुर्व्यवहार तथा धम्की दिनु प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप भएको महासंघको ठहर छ । अतः महासंघ घटनाको सत्यतथ्य छानविनगरि घटनाका दोषीमाथि कारबाही गर्न र पत्रकारको पेशा तथा जनताको सुसूचित हुने अधिकारको सम्मान गर्न सम्बन्धीत पक्षसंग माग गर्दछ ।

रमेश विष्ट
महासचिव

फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org